
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क १९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १८ गते बुधबार ❑ 3 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखराबाट पब्लिक टिभीको परीक्षण सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

बार्दली मिडियाद्वारा सञ्चालित फोर के प्रविधियुक्त पब्लिक टेलिभिजनको आजदेखि पोखरामा परीक्षण प्रसारण सुरु गरिएको छ । प्रसारणको एक कार्यक्रमकाबीच गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिला मन्त्री विन्दुकुमार थापाले शुभारम्भ गर्नुभयो ।



मन्त्री थापाले पोखरामा धेरै टेलिभिजन भए पनि पब्लिक टिभी विश्वसनीय र स्तरीय सामग्रीले उत्कृष्ट हुने विश्वास व्यक्त गर्नुभयो । टिभीले समाजमा भएका विभिन्न विकृति, विसङ्गतिलाई चिर्दै, त्यसलाई न्यूनीकरण गरेर सञ्चार क्षेत्रमा सफलता प्राप्त गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । समाजमा लुकेका विषयको उजागर गर्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले पब्लिक टिभीले पोखरामा एउटा उत्कृष्ट सञ्चारमाध्यमको पहिचान बनाउने विश्वास व्यक्त गर्नुभयो । टेलिभिजनका निर्देशक रुद्रप्रसाद अर्यालले प्रविधिले लगातार फड्को मारिरहँदा पछिल्लो प्रविधिलाई आत्मसात गरी टिभी सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो । सञ्चार क्षेत्रमा लामो अनुभव र दक्षता हासिल गरिसकेका जनशक्तिसँग सहकार्य गर्न पाउँदा हर्षित बनेको बताउँदै उहाँले टेलिभिजन समाचार, मनोरञ्जनको माध्यम मात्रै नभई सूचना सम्प्रेषण, जनता र सरकारबीच पुलको काम गर्ने र आवाजविहीनको आवाज बोल्ने माध्यमका रुपमा अघि बढ्ने बताउनुभयो । टिभीका प्रबन्ध निर्देशक मन क्षेत्रीले वर्षौंअघि देखेको सपना टिभीको परीक्षण प्रसारण सुरु भएसँगै पूरा हुने बाटोमा पुगेको बताउनुभयो । बार्दली मिडियाले पाँच वर्ष अघिबाटै टिभीका लागि योजना बनाइरहेको बताउँदै उहाँले निकट भविष्यमा अनलाइन पोर्टल पनि सुरु गर्ने र टिभीलाई अहिलेका सबै सामाजिक सञ्जालबाट एक साथ हेर्न मिल्ने बनाइने बताउनुभयो । नेकपा (एमाले) पोखरा महानगर अध्यक्ष दिलीप न्यौपानेले पत्रकारितामा विकृति देखिएको समयमा पब्लिक टिभीबाट व्यावसायिक पत्रकारिता प्रदर्शन हुने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष दीपेन्द्र श्रेष्ठले मोफसलबाट सुरु भए पनि पब्लिकले केन्द्रीयस्तरको परिचय दिने विश्वास व्यक्त गर्नुभयो । टिभीका समाचार प्रमुख अमृत सुवेदीले सञ्चारमाध्यमको सङ्ख्या बढाउन नभइ जनताको आवाज बोल्ने र सत्यतथ्य खबरको उजागरसहित पत्रकारिकताको मर्म अनुरुप काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## पहिरोमाबाट एकै परिवारका पाँच जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ साउन**

म्याग्दीको मालिका गाउँपालिका-२, रुमको तामेङ गाउँमा पहिरोमा परी हराइरहेका थप तीन जनाको शव भेटिएको छ। मङ्गलबार बिहान करिब ३ बजे बस्तीमाथिबाट खसेको पहिरोले दुई घर बगाएपछि सम्पर्कविहीन भएका एकै परिवारका तीन जनाको शव पुरिएको अवस्थामा भेटिएको वडा सदस्य भक्तबहादुर पुनले जानकारी दिनुभयो ।

"पहिरोबाट शव निकालिएको छ, मृतक सबै एकै परिवारका हुन, बिहान दुई जनाको शव भेटिएको थियो, अहिले तीन जनाको भेटिएको छ", वडा सदस्य पुनले भन्नुभयो । खोज तथा उद्धारमा बिहानैदेखि खटिए पनि भीषण बर्षा र निरन्तरको पहिरोले उद्धारमा समस्या भएको थियो । पहिरोमा पुरिएको अवस्थामा बिहान नवीन र रुजन विकको शव निकालिएको थियो भने घामबहादुर विक, राजु विक र रोजी विकको शवसमेत निकालेर कानुनी प्रक्रियाको काम भइरहेको छ । बेपत्ता भएका उनीहरूको खोजीका लागि इलाका प्रहरी कार्यालयबाट प्रहरी टोलीसहित स्थानीयवासी घटनास्थल पुगेका थिए । बस्तीमाथिबाट पहिरो खसेको आवाज आएपछि भाग्दाभाग्दै गोठे र गोरी विक घाइते भएका थिए । पहिरोस्थलबाटै गोरीको उद्धार गरिएको थियो भने गोठे नजिकै घाइते अवस्थामा भेटिनुभएको थियो । "घरका सबै निन्द्रामा भाग्दाभाग्दै पहिरोमा परे, एकैपटक आएर घर पुरियो", घाइते अवस्थामा भेटिएकाको भनाइ उद्यृत गर्दै वडा सदस्य भक्तिबहादुर घर्तीले भन्नुभयो । घाइतेको रुम स्वास्थ्यचौकीमा उपचार गरी मौसम अनुकूल भएपछि थप उपचारका लागि दरबाङ पठाउने तयारी भइरहेको छ ।

पहिरोमा परेर ज्यान गुमाउनेप्रति मालिका गाउँपालिका अध्यक्ष बेगप्रसाद गर्बुजाले दुःख व्यक्त गर्नुभएको छ भने घाइतेको उपचार र मृतकको परिवारलाईसमेत राहत उपलब्ध गराउने बताउनुभएको छ । यसैबीच बाढीपहिरोको जोखिममा रहेकालाई सुरक्षित स्थानमा जान समेत अनुरोध गरिएको छ ।

## खुला दोहोरी प्रतियोगिताको उपाधि नगरकोटलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

कल्याण शेरचन स्मृति प्रतिष्ठानद्वारा पोखरामा आयोजित राष्ट्रिय खुला दोहोरी गीत प्रतियोगिताको उपाधि नगरकोट दोहोरी साँझ काठमाडौंले हात पारेको छ ।

यही साउन १२ गतेबाट सुरु भएको प्रतियोगिताको सोमबार साँझ अन्तिम प्रतिस्पर्धामा दरबार दोहोरी साँझ काठमाडौंलाई नगरकोटले पराजित गरेको थियो । तेस्रो स्थानमा जुनकिरी दोहोरी क्लब र नेम्बो रोधीघर अष्ट्रेलिया भए । दुवै टिमले बराबर अङ्क प्राप्त गरेका थिए । उत्कृष्ट गायकमा दोहोरी गीत प्रतिष्ठान गण्डकीका सुमन खड्का र उत्कृष्ट गायिकामा सोही प्रतिष्ठानका सीता परियार घोषित हुनुभएको छ । यसैगरी अनुशासित टिम धवलागिरि दोहोरो साँझ ओशाका जापान बन्न सफल भयो । नवप्रतिभा प्रोत्साहन पुरस्कार जुनेली दोहोरी साँझका शान्ति कार्कीले प्राप्त गर्नुभयो ।

कूल ४८ टिमले नाम दर्ता गराएका मध्ये ४५ टिमले प्रतियोगितामा भाग लिएको प्रतियोगिताका संयोजक जीवन दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगिताको विजेता समूहले रु छ लाख नगद पुरस्कार प्राप्त गरेका छन्। यसैगरी उपविजेता समूहले रु चार लाख, तृतीय हुन सफल दुई समूहले रु डेढ-डेढ लाख नगद पुरस्कार प्राप्त गरेका छन् । त्यसैगरी उत्कृष्ट गायक, उत्कृष्ट गायिका र अनुशासित टिमलाई रु ५० हजार नगद पुरस्कार प्रदान गरिएको थियो भने नवप्रतिभा प्रोत्साहन पुरस्कार जित्ने प्रतिभालाई रु १० हजार प्रदान गरिएको थियो । पाँच दिनसम्म पोखराको सभागृहमा चलेकोप्रतियोगितामा गण्डकीप्रज्ञा प्रतिष्ठान, पोखरा प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठाननेपाल, इन्द्रेणीसांस्कृतिक समाज काठमाडौं र हिमाली सांस्कृतिक परिवार पोखराले सहकार्य गरेको यस प्रतियोगिताको प्रवर्द्धकमापोखरामहानगरपालिका रहेको थियो । यो प्रतियोगीतामा निर्णायक संयोजकको जिम्मेवारी राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका अध्यक्ष रमेश बिजी रहनुभएको थियो ।

लोकगायक, स्रष्टा, शिल्पी कल्याण शेरचनको ७६औं जन्मजयन्तीका अवसर पारेर यो कार्यक्रम आयोजना गरिएका हो । विसं २००३ साउन १२ गते पोखरामा जन्मिएका शेरचनको विसं २०६७ माघ २४ गते निधन भएको थियो ।

## नवजात शिशुलाई आमाको दुध सवैभन्दा ठूलो पोषण-थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

विश्व स्तनपान दिवसका अवसरमा सप्ताहव्यापी कार्यक्रम गरिरहेको जोन्टा क्लव अफ पोखराको आयोजनामा मंगलबार लेकसाइडस्थित तालबाराही माविमा स्तनपान सम्वन्धी शिक्षा र समर्थन कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा बोल्दै वडा नम्बर ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले जोन्टा क्लवले समय सान्दर्भिक कार्य गरेको भन्दै अभियानको प्रसंसा गर्नुभयो । वडा भवन निर्माणको चरणमा रहेको जानकारी दिँदै अब बन्ने भवनमा सुरक्षित स्तनपानका लागि छुट्टै कक्षको निर्माण गरिने बताउनुभयो ।

कार्यक्रममा स्त्री तथा प्रसुती बरिष्ठ रोग विशेषज्ञ डा.चन्द्रिका पण्डितले महिलाले सुत्केरी हुनुपुर्व र भएपछि गर्नुपर्ने शारीरिक अभ्यासका बारेमा प्रशिक्षण दिनुभएको थियो ।

त्यस्तै, आहार तथा पोषण परामर्कदाता विद्या रघुनादन कायस्थले सुत्केरी महिला र नवजात शिशुलाई दिनुपर्ने सन्तुलित भोजनका विषयमा प्रकाश पार्नुभएको थियो । फिजियोथेरापी शुभा कोईरालाले गर्भवती र सुत्केरी अवस्थामा महिलाले गर्नु पर्ने व्यायामका विषयमा सहजिकरण गर्नु भएको थियो ।

कार्यक्रममा बोल्दै जोण्टा क्लव अफ पोखराका अध्यक्ष मोनिका थापाले नवजात शिशुलाई आमाको दुध सवैभन्दा ठूलो पोषण भएको उल्लेख गर्नुभयो । उहाँले क्लवका गतिविधीबारे अवगत गराउँदै व्यवसायिक महिलाहरुको पैरवी र सेवाको माध्यमबाट विश्वभरिका महिलाहरुको सशक्तिकरण गर्ने क्लवको उद्येश्य रहेको प्रष्ट पार्नुभयो ।

## पोखरामा भगिनी सहरको थिम पार्क निर्माण गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

नेपाल चीन दौत्यसम्बन्ध स्थापनाको ६७औं वर्षका अवसरमा युनानको वाणिज्य र कुन्मिङ नगरको प्रतिनिधि मण्डलले पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यसँग भेट गरेको छ ।

भेटमा पोखरा र युनानको कुन्मिङ सहरबीच भविष्यमा कसरी हातेमालो गरेर अगाडि बढ्न सकिन्छ भन्ने विषयमा छलफल केन्द्रित भएको प्रमुख अचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार लिङचेन हुँ नेतृत्वको पाँच सदस्यीय प्रतिनिधि मण्डलसँग भगिनीसम्बन्ध कायम भएका विभिन्न सहरको थिम पार्क र त्यो पार्कमा ती सहरको पहिचान झल्किने गरी कर्नर निर्माण गर्ने विषयमा छलफल भएको थियो । थिम पार्कको निर्माणले पोखरामा चिनियाँ पर्यटक बढ्ने विश्वास गरिएको छ ।

सो पार्क निर्माणका लागि चिनियाँ टोलीले पोखरामा रहेका पार्कको अध्ययन गरिरहेको छ । सो अवसरमा लिङचेन हुँ नेतृत्वको चीनको प्रतिनिधि मण्डलले ५० लाख बराबरको स्वास्थ्य लगायतका सामग्री पोखरालाई सहयोगगर्नेप्रतिबद्धतासमेतजनाएको छ । सो क्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि पोखराको भगिनीसम्बन्ध रहेको चीनको कुन्मिङसम्म सिधा उडानका लागि पहल गर्ने विषयमासमेत छलफल भएको प्रमुख आचार्यले बताउनुभयो । यस विषयमा चीनको टोलीले सकारात्मक प्रतिक्रिया दिएको छ । पोखरा महानगरपालिकाले चीनको कुन्मिङ, ग्वाङझाओ, यिविन, छुसाहो, हाइकाओ, नानिङलगायत सहरसँग भगिनीसम्बन्ध कायम गरेको छ । त्यसबाहेक जापानको कोमागाने, टर्कीको आडालर, दक्षिण कोरियाको ग्यान्बुक सहरसँग पनि पोखराको भगिनीसम्बन्ध छ ।

## खराब आशय बोकेकासँग एकता हुँदैन : अध्यक्ष ओली

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले खराब आशय बोकेका वामपन्थीहरुसँग एमालेले पार्टी एकता नगर्ने बताउनुभएको छ ।

नेकपाका संस्थापक तुलसीलाल अमात्यको २५औं तथा सहिद भीमदत्त पन्तको ६९औं स्मृतिसभाका अवसरमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले वर्तमान सत्ता गठबन्धनमा रहेका खराब आशय बोकेका वामपन्थीसँग पार्टी एकता गर्न नसकिने उल्लेख गर्नुभयो । नामले समाजवादी भन्दैमा कोही समाजवादी नहुने र समाजवादी केन्द्र पनि नबन्ने उहाँले जिकिर गर्नुभयो ।

Little Step
Secondary School
Simalchaur, Pokhara – 8
☎ 061-550796, 531965
525013

Admission Open
for the academic session 2079 in
Grade XI
Science | Management
Hotel Management

1. Eligibility:
   a. Obtained with the specified GPA as per NEB.
2. Documents required:
   a. Copy of the SEE grade sheet.
   b. 2 copies of PP size photograph.
3. Entrance exam schedule:
   Date: 19th Shrawan 2079. (Thursday)
   Time: 12:00 pm.
4. Subject of entrance exam:
   a. Science: English, Math & Science
   b. Management & Hotel Management: English & Math



Admission form is being distributed from account section.

Attractive scholarship is availed based on academic credentials & economic status.

# सामाजिक भत्ता घरमै

**पोखरापत्र संवाददाता**
**वालिङ, १७ साउन**

स्याङ्जाको भिरकोट नगरपालिकाले घर-घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ।

नगरवासीलाई बैंकसम्म जान समस्या परेको जनाउँदै नगरपालिकाले घरमा पुगेर सो भत्ता वितरण गर्न थालेको हो। नगरकार्यपालिकाको यही यही असार १६ को पहिलो बैठकले घरमा पुगेर भत्ता वितरण गर्ने निर्णय गरेको नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले बताउनुभयो। ज्येष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्गता भएका व्यक्ति र दलित बालबालिकालाई भत्ता उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो।

"ज्येष्ठ नागरिक तथा अपाङ्गता भएकालाई गाउँ-गाउँबाट बजारमा रहेको बैंकसम्म आउन निकै समस्या भएकाले घर-घरमै लगेर भत्ता उपलब्ध गराएका हौँ", उहाँले भन्नुभयो, "यो अभियानमा नगरप्रमुख, उपप्रमुख तथा सम्बन्धित वडाका निर्वाचित वडाध्यक्ष तथा सदस्यको उपस्थितिमा वितरण भएको हो।" ग्रामीण भेगबाट बैंकसम्म पुग्नुपर्ने, बैंकमा पुगेर लाइन बस्नुपर्ने समस्या हट्नुका साथै गाडी भाडासमेत बचत भएको उहाँले बताउनुभयो।

सामाजिक सुरक्षा भत्ता लिएर घर-घरमा पुग्दा यहाँका नागरिक एकातर्फ खुसी हुनुहुन्छ भने अर्कातर्फ उहाँहरूको कुरा, गुनासो, सुझाव प्रत्यक्ष सुन्न र कार्यान्वयनमा लैजानका लागि हामी जनप्रतिनिधिलाई पनि सहज हुने उहाँको भनाइ थियो।

गाउँ-गाउँमा रहनुभएका ज्येष्ठ नागरिक बैंकसम्म पुग्न समस्या हुने तथा बैंकमा पुगेर घण्टौँसम्म लाइन लाग्नुपर्दा सास्ती हुने भएकाले वडामार्फत सहजीकरणका लागि व्यवस्थापन मिलाइएको वडा नं ७ का अध्यक्ष ताराप्रसाद अर्यालले बताउनुभयो। "सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वडाका सबैको दस्तखतसहितको चेक सङ्कलन गर्‍यौँ", उहाँले भन्नुभयो, "वडाका भत्ता प्राप्त गर्नेको नामावलीसहित वडाको सिफारिस, नगरपालिकाले बैंकलाई गरिदिएको सिफारिसका आधारमा बैंकबाट रकम बुझेर घर-घरमै लगेर वितरण गरेका हौँ।" घरमै सामाजिक सुरक्षा भत्ता पाएपछि बजारमा रहेको बैंकसम्म जानुपर्ने बाध्यता हटेको भिरकोट-७ का ज्येष्ठ नागरिक गङ्गाराम अर्यालले बताउनुभयो। "८४ वर्षको भएँ, भत्ता बुझ्न बयरघारी बजारमा रहेको बैंकमा जानुपर्थ्यो, बूढो मान्छे भनेको बेलामा गाडी पाइँदैन", उहाँले भन्नुभयो, "जान आउनै गाडी भाडा रु एक हजारदेखि एकहजार पाँच सय लाग्थ्यो, एक पाइलै नहिँडीकन घरमै पाएपछि उक्त रकम पनि बचत भयो।" आफूहरूले भोट हालेर जिताएका जनप्रतिनिधिले यसरी घर-घरमै आएर सामाजिक सुरक्षा भत्ता वितरण गरिदिँदा निकै चित्त बुझेको अनुभव ज्येष्ठ नागरिक अर्यालले सुनाउनुभयो। "बैंकसम्म जान आउन परेन, बैंकमा पनि लामो लाइन हुन्थ्यो, बूढाबूढीलाई सास्ती हुन्थ्यो", ज्येष्ठ नागरिक अर्यालले भन्नुभयो, "मेयर, उपमेयर, वडाध्यक्ष, सदस्यले बैंकसित समन्वय गरेर घरमै ल्याएर दिनुभयो, यसले गर्दा हामीलाई सजिलो भयो।"

भिरकोटमा भत्ताका लागि कूल तीन हजार नौ ९१ रहेका पञ्जीकरण शाखाका अपरेटर विजय गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार पछिल्लो तथ्याङ्कानुसार नगरपालिकाभित्र ७० वर्षमाथिका ज्येष्ठ नागरिक भत्ता पाउनेहरू रु एक हजार नौ ४०, ज्येष्ठ नागरिक (दलित) तीन सय १०, ज्येष्ठ नागरिक एकल महिला पाँच सय ४०, विधवा (आर्थिक सहायता) पाँच सय ३३, पूर्ण अपाङ्गता एक सय चार, अतिअशक्त एक सय ४९, दलित बालबालिका चार सय १५ छन्।



केही दिन यताको अविरल वर्षापछि सेती नदीमा पानीको सतह बढ्दा मङ्गलबार दिउँसो पोखराको रामघाटमा बनेको ताल। तस्बिरः कृष्ण दवाडी/रासस

# २७ दुर्घट्नामा ४० को मृत्यु

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १७ साउन**

स्याङ्जामा एक वर्षको अवधिमा २७ सवारी दुर्घटना हुदा ४० जनाले ज्यान गुमाएका छन्। गत आर्थिक वर्ष २०७८/०७९ मा जिल्लाका विभिन्न स्थानमा सवारी दुर्घटना परेर ४० जनाले अकालमै ज्यान गुमाएका हुन्।

सवारी दुर्घटनामा १७ पुरुष, १८ महिला, चार बालक र एक बालिकाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख मीनबहादुर कुँवरले जानकारी दिए। एक वर्षको अवधिमा १४ पुरुष, १५ महिला, दुई बालक र दुई बालिका गरी ३३ जना गम्भीर घाइते भएका थिए भने १५ जना मध्यम घाइते भएका थिए।

आव २०७७/०७८ मा स्याङ्जामा १६ सवारी साधन दुर्घटना हुँदा १६ जनाको मृत्यु भएको थियो। विभिन्न दुर्घटनामा १२ पुरुष, दुई महिला, दुई बालकको मृत्यु भएको थियो भने २१ जना गम्भीर घाइते र पाँचजना मध्यम घाइते भएका थिए। आव २०७७/०७८ मा भन्दा गत आव २०७८/७९ मा २४ जना बढीले ज्यान गुमाएका छन्। गएको वैशाख ३० गते स्थानीय तहको निर्वाचनका दिन वालिङ-१४ अर्खलवासस्थित ग्रामीण सडकमा मतदाता बोकेको जिप दुर्घटना हुँदा १४ जनाको मृत्यु भएको थियो। त्यस्तै आव २०७६/७७ मा स्याङ्जामा १५ सवारी साधन दुर्घटना हुँदा नौ जनाको मृत्यु भएको थियो। मृत्यु हुनेमा चार पुरुष, तीन महिला र दुई बालबालिका थिए। पछिल्लो तीन वर्षको तथ्याङ्क हेर्दा स्याङ्जामा सवारी दुर्घटना, मृत्यु र घाइतेको संख्या बढ्दै गइरहेको देखिएको छ। ग्रामीण भेगमा ट्राफिक प्रहरीको निगरानी पुग्न नसक्नु, यात्रु तथा चालकको लापरबाही, पुराना र मर्मत नगरिएका सवारी साधन, कच्ची र ग्रेडिङ नमिलेका ग्रामीण सडकका कारण पनि दुर्घटनामा वृद्धि हुँदै गएको कार्यालयले जनाएको छ।

जिल्लामा सवारी साधन दुर्घटना भई अकालमै धेरैको मृत्यु हुन नदिनका लागि ट्राफिक प्रहरीले आव २०७८/०७९ मा सवारी दुर्घटना न्यूनीकरणसम्बन्धी छ सय दुई सचेतना कार्यक्रम सञ्चालन गरेको कार्यालय प्रमुख कुँवरले बताए। उक्त कार्यक्रममार्फत ४६ हजार ४० जना लाभान्वित भएको ट्राफिक कार्यालयको दावी छ। आव २०७७/०७८ मा पनि चार सय १२ सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा ३३ हजार सात सय २५ जना लाभान्वित भएको तथ्याङ्क ट्राफिक कार्यालयमा रहेको छ। दुर्घट्ना न्युनिकरणका लागि यातायात व्यवसायी, यात्रुहरुमा सचेतना र ट्राफिक प्रहरीको निगरानी बढाउनु पर्ने सरोकारवालाहरुको भनाई छ।

# ६ क्लब र ३ विद्यालयलाई पोखरा १ वडा कार्यालयको फुटबल सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ साउन**

पोखरा महानगरपालिका १ वडा कार्यालयले सामाजिक क्रियाकलापमा सक्रिय रहदैं आएको विभिन्न क्लब तथा विद्यालयलाई खेलकुद समाग्री प्रदान वितरण गरेको छ।

सोमबार एक कार्यक्रमको आयोजना गर्दै पोखरा १ का वडाध्यक्ष साहरा प्रधानको नेतृत्वमा ६ वटा क्लब र ३ विद्यालयलाई खेलकुदको समाग्री सहयोग प्रदान गरेको हो।

राष्ट्रिय उच्च मावि, सँस्कृत मावि र रत्न प्राविलाई भलिबल, बास्केटबल तथा फुटबल सहयोग गरिएको वडा सदस्य शोभा गुरुङले जानकारी दिइन्। उनका अनुसार बिटी क्लब, बगर भाइखलक, भिमकाली क्लब, त्रिशक्ति युवा क्लब, रत्न समाज र इन्द्रेणी एकीकृत विकासकेन्द्रलाई ७/७ थान फुटबल सहयोग गरिएको थियो। जसमध्ये ५/५ वटा ट्रेनिङ बल र २/२ वटा म्याच बल वितरण गरिएको



सदस्य गुरुङले जानकारी दिइन्। उनले फुटबल विकासमा लागेको क्लबहरुलाई वडाबाट खेलकुदका समाग्री प्रदान गर्ने कार्यतालिका अनुरुप सहयोग गरेको बताईन्। उनले आगामी दिनमा समेत वडा कार्यालय रहेको महसुस गर्ने गरि विभिन्न सामाजिक संस्था तथा क्लबहरुसँग समन्वय र सहकार्य गर्दै अघि बढ्ने बताईन्।

यसैगरी बल ग्रहणगर्दै बिटी क्लबकी अध्यक्ष विजया गुरुङले वडाप्रति आभार प्रकट गरिन्। विगत लामो समयदेखि फुटबलको विकासमा लागिपरेको क्लबलाई खेलकुद समाग्री सहयोग गर्नु उदाहरणीय कार्य रहेको भन्दै खुशी व्यक्त गरिन्। 'पोखरामा क्रियाशिल क्लब मध्य हामी पनि हौं, उनले भनिन्, 'प्रतियोगिता तथा क्लबमा सहयोग धेर थोर पाउँदै आएका छौं अहिले वडाबाट पनि फुटबल सहयोग पाएका छौं। यसले गर्दा हामीलाई फुटबलको क्षेत्रमा थप काम गर्न उतप्रेरण मिलेको छ।'

# सडकबाटै झण्डै ७१ लाख संकलन

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १७ साउन**

जिल्ला ट्राफिक कार्यालय स्याङ्जाले एकबर्षको अवधीमा झण्डै ७१ लाख राजस्व संकलन गरेको छ। आर्थिक बर्ष २०७८/०७९ मा सडकमा कानुन उल्लघंन गरेका सवारी साधनलाई कारवाही गर्दा सो राजस्व संकलन भएको हो।

जिल्ला ट्राफिक कार्यालयले दिएको जानकारी अनुसार आर्थिक बर्षमा विभिन्न सवारी साधनलाई कारवाही गर्दा २०७८/०७८ मा ७० लाख ८४ हजार राजस्व संकलन भएको छ। गएको आवमा ९ हजार ९ सय १६ सवारी साधन कारवाहीमा परेका थिए। कारवाहीमा सबै भन्दाबढी दुईपाङ्ग्रे सवारी साधन परेको तथ्याङ्क ट्राफिक प्रहरी सगँ छ।

ट्राफिक प्रहरीका अनुसार गत आवमा ट्रक १११६, बस १२५९, जिपकार भेन २३०५, ट्र्याक्टर ११०६, मोटरसाईकल ३६८४ र अन्य ४४६ गरी ९९१६ सवारी साधन सडक कानुन उल्लघंनमा परेका छन्। त्रिबर्षिय तथ्याङ्क अनुसार स्याङ्जामा कारवाहीको संख्यामा भने धेरैने बृद्धि भएको देखिएको छ। कारवाही सगै राजस्व संकलनमा पनि गतआव सफल भएको देखिएको छ। हरेक बर्ष सवारी साधनको बृद्धि हुनुले पनि कारवाही संख्या बढेको ट्राफिक प्रहरी स्याङ्जाका प्रमुख मीनबहादुर कुँवरले बताए। अगाडीका आवमा कोभिड संक्रमणले सडकमा कमै सवारी साधन गुडेको कारण पनि गतआवमा सवारी कारवाही संख्या बढेको देखिएको उनले बताए। सडकमै अस्पष्ट भएका नम्वर प्लेट लेखिदिने, यात्रु र चालकदललाई नमस्कार अभियान सगै सचेतना अभियानलाई तिब्र पारेको दावी उनको छ। यसले गर्दा शुरुभएको आर्थिक बर्ष २०७९/०८० मा कारवाही संख्या घट्ने अनुमान जिल्ला ट्राफिक प्रहरीको छ। मापदण्ड भन्दा बढी यात्रु चढाउने क्रम ग्रामिण क्षेत्रमा बढेकोले अब ट्राफिकको निगरानी ग्रामिण सडकमा बढाउने कुँवरले बताए। त्रिवर्षिय तथ्याङ्क अनुसार स्याङजामा आर्थिक बर्ष २०७५/०७६ मा ११ हजार २ सय २८ सवारी कारवाहीमा पर्दा ७२ लाख ६८ हजार ५ सय, आर्थिक बर्ष २०७६/०७७ मा ७ हजार ९ सय ९२ सवारी साधन कारवाहीमा पर्दा ५२ लाख १५ हजार ५ सय र आर्थिक बर्ष २०७७/०७८ मा ६ हजार ९ सय ४७ सवारी साधन कारवाहीमा पर्दा ४५ लाख ७० हजार राजस्व ट्राफिक प्रहरीले सडकबाटै संकलन गरेको थियो।


## कर्मचारी आवश्यकता

शिघ्र नयाँ संचालनमा आउन लागेको यस पञ्चम आयुर्वेद हस्पिटल प्रा.लि.को लागि इमान्दार मेहिनेती कर्मचारी आवश्यकता परेकोले हुनाले सम्बन्धित उम्मेदवारले आफ्नो बायोडाटा सहित सम्पर्क राख्नुहोला।

| क्र.सं. | पद | संख्या | योग्यता | सुविधा |
|---|---|---|---|---|
| १. | रिसेप्सनिष्ट | २ | १० पास लेखासम्बन्धित अध्ययन अनुभव | कम्पनी को नियमानुसार |
| २. | नर्स तथा अनमी | ३ | प्रमाण पत्र तह | |
| ३. | थेरापिष्ट सहायक | २ | साक्षर वा १० पास | |
| ४. | फिजियोथेरापिष्ट | १ | स्नातक (बिपिटि) | |
| ५. | आयुर्वेद चिकित्सक | २ | स्नातक (बिएएमएस) | |
| ६. | व्यवस्थापक | १ | स्नातक (हस्पिटल व्यवस्थापन गर्न सक्ने शिक्षा प्राप्त तथा अनुभवि।) | |
| ७. | बैद(परम्परागत) | १ | अनुभवि | |
| ८. | लेखापाल | १ | पार्टटाइम | |

सम्पर्क: मिति: २०७९।०४।१४ देखि २०७९।०४।२५ सम्म
छनौट प्रक्रिया : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

PANCHAM
पञ्चम आयुर्बेद हस्पिटल प्रा. लि.
(पुरानो स्पार्क बि एण्ड डि अस्पताल)



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# पेट्रोलियम पदार्थको मूल्य घटाउ

सरकारले पेट्रोलियम पदार्थको मूल्य स्वचालित प्रणालीबाट हुने बताउने गरेपनि ब्यवहारमा देखिएको छैन । भारतीय आयल कर्पोरेसनले पन्ध्र पन्ध्र दिनमा पेट्रोलियम पदार्थको मुल्य नेपाल आयल निगमलाई पठाउने गर्छानेपाल आयल निगमले मुल्य बढेर आए बढाउने घटेर आए घटाउने स्वचालित नीति लिंदै आएको हो । बढेर आउँदा पन्ध्र दिनमा दुईपटक सम्म मुल्य वृद्धि भएको छाबढेर आउँदा हतारहतार मूल्य बढाउने निगम घटेर आउँदा चासो दिएको छैन । सरकारको पुर्ण स्वामित्वमा रहेको आयल निगम संचालक समितिको बैठक बसेर स्वचालित प्रणालीबाट मुल्य समायोजन नगर्नु विडम्बना हो ।

पछिल्लो १५ दिनमा दुईपटक गरेर मूल्य घटेर आएको छा नेपाल आयल निगमले भाउ घटाउन चासो दिएको छैन । 'भारतीय पेट्रोलियम कर्पोरेसनले पछिल्लो १५ दिनमा दुईपटक गरेर पेट्रोलमा ३२.५६ रुपैयाँ र डिजेलमा २९.१ रुपैयाँ प्रतिलिटर तथा खाना पकाउने एलपी ग्यास ७७ रुपैयाँ प्रतिसिलिन्डर मूल्य घटाउँदा पनि नेपाल आयल निगमले घाटा पूर्तिको बाहानाबाजी गर्दै मूल्य घटाएको छैन। प्रतिनिधिसभाले संकल्प प्रस्ताव पारित गर्दै यथासम्भव मूल्य घटाउन सरकारलाई निर्देशन दिइसकेको छ। अहिले त मूल्य घटेर आउँदा पनि नघटाएर संसदको निर्देशनको अवज्ञा गरेको छ। सरकारले जनतासंग गरेको बाचा विर्सेको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य निरन्तर घटिरहेको अवस्था पनि आयल निगम जनतालाई महँगीको भारी बोकाउन लागि पर्नु गलत हो ।

जनताको आधारभूत आवश्यकतासँग प्रत्यक्ष रुपमा गाँसिएका पेट्रोलियम पदार्थमा निगमले आफ्नो कमजोरी लुकाउन निरन्तर घाटामा देखाएर केवल नाफा निकाल्ने उद्देश्य राखी मुल्य समायोजन नगरिनु आपत्तिजनक छ । मूल्य समायोजनको बहानामा अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा बढाउने तर घट्दा नघटाई, सरकार विभिन्न कर थुपारेर राजस्व उठाउन व्यस्त छ भन्ने आरोप पुष्टि भएको छ। आयल निगम चुहावट नियन्त्रण गर्न होइन कर्मचारीलाई बोनस र भत्ता बाँड्न मस्त छ भनेर उपभोक्ता अधिकारकर्मीले लगाएको आरोप सहि सावित गर्नेछ काम भएको छ।

सरकारले आयल निगम निजी क्षेत्रलाई सुम्पन सुनियोजित तरिकाले मुल्य नघटाउने काम त गरेको त होइन भनेर सोच्ने बेला आएको छ। आयल निगम भित्र भएको बेथिति,चुहावट , भ्रष्टाचार र सरकारको जनतामारा निर्णयको विरुद्ध आन्दोलन गर्दै आएका विध्यार्थी संगठनले दिएको चेतावनी सरकारले सुन्नुपर्छ । मूल्य घटाउन दिएको विज्ञप्तिलाई कागजको खोस्टो संभने सडकमा उत्रिए पछि मात्र सम्बोधन गर्ने प्रबृत्ति हटाउनुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : भमेला बड्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक भमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# बुवाको किरियामा छोरी

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ साउन**

छोरीले किरिया बस्नुहुन्न भन्ने सामाजिक कुरीति अभै पनि छ । तनहुँको म्याग्दे गाउँपालिका-३ किलचोकस्थित मुस्कान श्रेष्ठ र खुसी श्रेष्ठले आफ्ना बुवा पदमकुमार श्रेष्ठको निधनमा किरिया बस्नुभएको हो। यही साउन ११ गते पदमकुमारको निधन भएपछि उनीहरू किरियामा बस्नुभएको हो ।

सामाजिक परम्पराअनुसार छोरा किरिया बस्ने प्रचलन भएता पनि मृतकका छोरा २० महिनाको मात्र रहेकाले छोरीहरू नै किरियामा बसेको मुस्कानले बताउनुभयो । "समाज रुपान्तरणमा छोरा र छोरी दुवैको समान भूमिका हुन्छ, बुवाको किरियामा हाम्रो पनि भूमिका रहन्छ", उहाँले भन्नुभयो । घरको अभिभावक बितेपछि अब कसरी जीवन बिताउने भन्ने समस्या थपिएको श्रीमती सुजिता श्रेष्ठले बताउनुभयो ।

यसैबीच मृतकका परिवारलाई समवेदना व्यक्त गर्न पुग्नुभएका सांसद केदार सिग्देल, म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले छोरीहरूको साहसले समाज रुपान्तरणमा महत्वपूर्ण सन्देश दिएको बताउनुभयो ।

# एक वर्षमा करिब ३९ हजार पर्यटकले मुस्ताङ घुमे

**रासस**
**म्याग्दी, १७ साउन**

एक वर्षमा करिब ३९ हजार पर्यटकले मुस्ताङ भ्रमण गरेका छन् । आर्थिक वर्ष २०७८/७९ मा ३८ हजार आठ सय ९६ जना विदेशी पर्यटकले मुस्ताङका पर्यटकीयस्थलको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र (एकयाप) को जोमसोमस्थित इलाका संरक्षण कार्यालयले जनाएको छ। अड्चालिस जना देशका पर्यटक आएकामध्ये सबैभन्दा बढी ३३ हजार ४५७ जना भारतीय रहेका एक्याप जोमसोमका प्रमुख अशोक सुवेदीले बताउनुभयो। दुई हजार ७४३ जना विदेशी पर्यटक मनाङहुँदै पाँच हजार ३०० मिटर उचाइमा रहेको थोराङ्ला भञ्ज्याङ पार गरेर मुस्ताङ आएका हुन् ।

यसैगरी एक हजार ५६६ जना पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेका छन् । कागबेनीदेखि कोरला नाका सम्मको उपल्लो मुस्ताङको अर्धनिषेधित भूगोलमा जान विदेशीले सात दिनका लागि पाँच सय डलर शूल्क तिर्नुपर्छ ।

गण्डकी प्रदेशको लमजुङ, कास्की, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लामा समेटिएको एक्याप क्षेत्रको भ्रमण गर्न सार्क मुलकका लाई प्रतिव्यक्ति रु एक हजार र तेस्रो मुलुकका लाई प्रतिव्यक्ति रु तीन हजार शुल्क तोकिएको छ । मुस्ताङ भ्रमण गर्ने पर्यटकको प्रवेश शुल्कबाट गतवर्ष नौ करोड उनान्चालीस लाख राजस्व सङ्कलन भएको एक्यापले जनाएको छ ।

उजाड पहाड, हिमाली हावापानी, संस्कृति र जीवनशैली, ताल, गुम्बा, मुक्तिनाथ मन्दिर, गुफा मुस्ताङका आकर्षण हुन् । कोरोना (भाइरस)को महामारीका कारण यसअघिका दुई वर्ष सुनसान बनेको मुस्ताङमा पछिल्लो यामदेखि पर्यटकको चहलपहल बढेको हो । कोरोना कहरअघि वार्षिक ६० हजार विदेशी पर्यटक मुस्ताङ आउने गरेको एक्यापको तथ्याङ्क छ । मुस्ताङमा पर्यटक आगमन पुरानै लयमा फर्किन थालेको छ।

कोरोना (भाइरस)को महामारीका कारण थला परेको पर्यटन क्षेत्र चलायमान बन्न थालेको हो । पर्यटकको चहलपहलसँगै पर्यटकीय क्षेत्रका बासिन्दा, पर्यटन, होटल ब्यवसायी र मजदूरलाई राहत मिलेको छ । मुक्तिनाथ, जोमसोम, कागबेनी, लोमान्थाङ, मार्फा, ठिनी, धुम्बा ताललगायत मुस्ताङका धार्मिक र पर्यटकीयस्थलमा पर्यटक आगमन पुरानै लयमा फर्किन थालेको छ। कोरोना (भाइरस)को महामारीका कारण यसअघिका दुईवर्ष सुनसान बनेको मुस्ताङमा पछिल्लो यामदेखि पर्यटकको चहलपहल बढेको लोमान्थाङका होमस्टे सञ्चालक टासी गुरुङले बताउनुभयो ।

सडक यातायातको सहज पहुँच, पदयात्रा र भ्रमणका लागि अनुकुल मौसम, सुविधा सम्पन्न होटल, प्रर्वद्धनात्मक गतिविधि र पूर्वाधार निर्माणसँगै मुस्ताङमा स्वदेशी पर्यटक बढेका लोमान्थाङका वडा सदस्य छेवाङ रिनजीन गुरुङले बताउनुभयो । प्रकृति, संस्कृति, रहनसहन, संस्कार र मौलिक जीवनशैली आदि सुन्दरताकै कारण मुस्ताङमा पर्यटक आकर्षित भएका हुन् । सडक निर्माणसँगै मासिएका पुराना पदमार्गको विकल्पमा नयाँ मार्गको विकास, धार्मिकस्थल दामोदरकुण्डलाई सडक सञ्जालमा जोड्ने, ऐतिहासिक महत्वका गुम्बा, दरबार र संस्कृति संरक्षणमा जोड दिइएको गण्डकी प्रदेश सांसद इन्द्रधारा विष्टले बताउनुभयो ।

मुस्ताङको पर्यटन क्षेत्रलाई थप चलायमान बनाउन बेनी-जोमसोम-कोरला सडक स्तरोन्नितिलाई पूर्णता दिई पोखरा-जोमसोम हवाई यात्रालाई सुरक्षित बनाउनुपर्छ । त्यसैगरी नयाँ गन्तव्यको पहिचान, प्रवर्द्धन र धार्मिक ऐतिहासिक सम्पदाको संरक्षणमा प्राथमिकता दिइएको सांसद विष्टले बताउनुभयो ।

# सक्रिय सङ्क्रमित पाँच हजार नाघे

**रासस**
**काठमाडौं, १७ साउन**

पछिल्ला दिनयता सयौंको सङ्ख्यामा सङ्क्रमित थपिएसँगै कोरोना भाइरसको सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार नाघेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार १४४ पुगेको छ।

मंगलबार पाँच हजार ४१५ नमूनाको परीक्षण गर्दा ८१४ सङ्क्रमित फेला परेका छन् । दुई हजार ७६२ नमूनाको आरटी पिसिआर परीक्षण गर्दा ५०९ र दुई हजार ६५३ नमूनाको एन्टीजेन परीक्षण गर्दा ३०५ जनामा सङ्क्रमण पुष्टि भएको हो।

सङ्क्रमितमध्ये होम आइसोलेनमा चार हजार ९८५, संस्थागत आइसोलेनसमा १५९, आइसियुमा ३८ र भेन्टिलेटरमा पाँच जनाको उपचार भइरहेको छ। हालसम्म नेपालमा नौ लाख ७३७ मा कोरोना सङ्क्रमण पुष्टि भएको छ । हालसम्म नौ लाख ७० हजार ६२५ सङ्क्रमणमुक्त भएका छन् भने ११ हजार ९६८ को मृत्यु भएको छ।

मंगलबार २९९ कोरोना सङ्क्रमणमुक्त भएका छन् । आज ११ हजार ५१३ ले कोरोनाविरुद्धको खोप लगाएका छन् । नेपालमा हालसम्म दुई करोड १५ लाख ६३ हजार ६५३ ले खोपको पहिलो मात्रा, दुई करोड पाँच लाख ९२ हजार ४१६ ले खोपको पूर्ण मात्रा र ७२ लाख ७८ हजार ५५७ ले अतिरिक्त मात्रा लगाएको मन्त्रालयले जनाएको छ।

# दमौली अस्पतालमा स्वास्थ्यकर्मी र उपकरण माग

**पोखरापत्र संवाददाता**
**तनहुँ, १७ साउन**

दमौली अस्पतालमा स्वास्थ्यकर्मी र उपकरण माग गर्दै स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भवानीप्रसाद खापुङलाई ज्ञापनपत्र बुभाइएको छ । अस्पताल व्यवस्थापन समितिले स्वास्थ्यकर्मी र विभिन्न उपकरण उपलब्ध गराइदिन माग गर्दै मन्त्री खापुङलाई ज्ञापनपत्र बुभाएको हो।

अस्पतालमा हाल स्वास्थ्यकर्मी अभाव भएकाले नौजना स्वास्थ्यकर्मी माग गरिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले जानकारी दिनुभयो । नौजना स्वास्थ्यकर्मीका लागि वार्षिक रु ४४ लाख ७२ हजार खर्च हुने अनुमान सहितको ज्ञापनपत्र मन्त्रीलाई बुभाइएको थापाले बताउनुभयो।

उहाँका अनुसार एकजना स्त्रीरोग विशेषज्ञ, प्रयोगशालामा कल्चर गर्नका लागि विएमएलटी, एकजना रेडियोग्राफर, एकजना एनेसथेसिया सहायक, शल्यक्रियाका लागि दुईजना स्टाफ नर्स, एकजना फार्मेसी र एकजना स्वास्थ्य सहायक माग गरिएको छ। अस्पतालमा दुईजना हाडजोर्नी विशेषज्ञ रहेको र शल्यक्रिया सेवासमेत सञ्चालन गर्ने तयारी गरिएको छ । "तर त्यसका लागि पनि स्वास्थ्यकर्मी र उपकरण नभएकाले मन्त्रालयसँग माग गरेका छौं," थापाले भन्नुभयो।

यसैगरी अस्पतालले विभिन्न उपकरण माग गरेको छ। अस्पतालमा अति आवश्यक रहेको रु दुई करोड मूल्य बराबरको इन्डोस्कोपी मेशिन माग गरिएको छ । "जनशक्ति छ तर उपकरण नभएकाले यो सेवा दिन सकेका छैनौं," थापाले भन्नुभयो।

स्वास्थ्यमन्त्रीले स्वास्थ्यकर्मी र उपकरण उपलब्ध गराउनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ। मन्त्री खापुङले अस्पताललाई ५० शय्यामा स्तरोन्नतिका लागि पनि पहल गर्ने बताउनुभयो । आफूहरूले स्वास्थ्यकर्मी र उपकरणका लागि आवश्यक पर्ने बजेटको व्यवस्थापनकालागिअर्थमन्त्रीसँग पनि कुराकानी गरेको थापाले बताउनुभयो। १५ शय्या स्वीकृत अस्पतालले ५० शय्याको सेवा दिइरहेको छ। अस्पतालमा हाल दैनिक दुई सय ५० भन्दा बढी बिरामी सेवा लिन आउने गरेका छन् । गर्मी मौसमका कारण भर्ना हुने बिरामीको सङ्ख्या २०/२५ छन्।

अस्पतालमा फोहरपानीको व्यवस्थापन, फोहरमैला व्यवस्थापनका लागि अटोक्लेप्स सहितको भवन निर्माण, आँखा विशेषज्ञ सहितको सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, एनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियु कक्ष, अत्याधुनिक ल्याब सेवा, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्ष लगायतका सेवा विस्तार गरिएको छ । साथै शव राख्नका लागि दुई तह भएका दुईवटा मर्चरी चेम्बरको पनि अस्पतालमा व्यवस्था गरिएको छ।

अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलासिस सेवासमेत प्रदान गर्दै आइरहेको छ। विसं २०३४ स्वास्थ्यचौकीका रूपमा स्थापना र विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रका रूपमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो।

# नेपाल र बङ्गलादेशबीचको खेल बराबरी

**रासस**
**काठमाडौं, १७ साउन**

साफ यू-२० च्याम्पियनसीप फुटबल प्रतियोगितामा नेपालले बङ्गलादेशलाई १/१ गोलको बराबरीमा रोकेको छ । भारतको भुवनेश्वरस्थित कालिंगा स्टेडियममा मंगलबार भएको लिगचरणको अन्तिम खेलमा नेपालले बङ्गलादेशसँग १-१ गोलको बराबरी खेलेसँगै नेपालको फाइनल खेल्ने सम्भावना कामयमै रहेको छ।

नेपालले ४ खेलमा ७ अङ्क जोड्दै दोस्रो स्थानमा उक्लिएको छ। बङ्गलादेशले भने फाइनलमा स्थान पक्का गरेको छ। अपराजित रहेको बङ्गलादेशले ४ खेलमा १० अङ्क जोडेको छ । बङ्गलादेश शीर्ष स्थानमा रहेको छ । अब नेपालले फाइनल पुग्न भारत र माल्दिभ्सबीचको खेलको नतिजा कुर्नुपर्नेछ । यदि भारतले माल्दिभ्ससँग हार ब्यहोरेमा नेपाल फाइनल पुग्नेछ । भारतले जित वा बराबरी गरेको खण्डमा नेपाल प्रतियोगिताबाट बाहिरिने छ।

भारत र माल्दिभ्सबीचको खेल आज भएको छ। भारत ३ खेलमा ६ अङ्क जोडेर तेस्रो स्थानमा रहेको छ । माल्दिभ्स १ अङ्क जोडेर प्रतियोगिताबाट बाहिरिसकेको छ। निकै प्रतिस्पर्धात्मक बनेको खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो। खेलको दुवै गोल दोस्रो हाफमा भएको हो । खेलको ६३औं मिनेटमा बङ्गलादेशका मोहमद पियास अमहेद नोभाले एक गोल गर्दै बङ्गलादेशलाई सुरुआत अग्रता दिलाए।

बङ्गलादेशको १ शून्य गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको ६८औं मिनेटमा नीरञ्जन मल्लले गोल गर्दै नेपाललाई १-१ गोलको बराबरीमा ल्याए । त्यसअघि दुवै टोली १० खेलाडीमा समेटिएको थियो।

# अवरुद्ध गोरखा-आँबुखैरनी सडकखण्ड पुनःसञ्चालन

**रासस**
**गोरखा, १७ साउन**

लगातारको वर्षाका कारण भरेको पहिराले मंगलबार मध्याह्नदेखि अवरुद्ध भएको गोरखा-आँबुखैरेनी सडकखण्ड पुनःसञ्चालन भएको छ।

पृथ्वीराजमार्ग अन्तर्गत गोरखा नगरपालिकामा पर्ने गोरखा-आँबुखैरेनीसडकखण्डस्थिततिनकिलो घुम्तीमा माथिबाट खसेको पहिरो पन्छाएर सडक पुनःसञ्चालन गरिएको प्रहरी कार्यालय गोरखाका प्रमुख एसपी केदार खनालले जानकारी दिनुभयो । "भण्डै साढे ३ घण्टापछि तनहुँतर्फबाट जेसिवी ल्याएर पहिरो हटाइएको हो, जिल्ला ट्राफिक प्रहरी कार्यालय गोरखाका प्रमुख बेदनाथ भण्डारीले भन्नुभयो, "पहिरो हटाएसँगै दुईतर्फि सडक पुनःसञ्चालन भएको छ ।'' मंगलबार मध्याह्न सडकमा माथिबाट ठूलो पहिरो खसेको उहाँको भनाइ छ।

गत वर्षमा सोही ठाउँमा पहिरो खस्ने गरेको थियो। सडक सञ्चालनमा आएसँगै गोरखा सदरमुकामबाट छुट्ने र आँबुखैरेनी नाका हुँदै गोरखा सदरमुकाम प्रवेश गर्ने सबै सवारी नियमितरूपमा सञ्चालन भएको ट्राफिक प्रहरीले जनाएको छ।

# घरका ढोकामा नागको चित्र टाँसेर मनाइयो नागपञ्चमी

**रासस**
**काठमाडौं, १७ साउन**

प्रत्येक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन मनाइने नागपञ्चमी पर्व मंगलबार घरका मूल ढोकामाथि ब्राह्मण पुरोहितबाट नागको तस्वीर टाँसी पूजाआराधना गरेर मनाइएको छ।

मंगलबारको दिनमा घरको मूल ढोकामाथि नागको तस्वीर टाँसेमा नाग, सर्प, बिच्छी जस्ता जीवबाट वर्षभरी दुःख नपाइने धार्मिक विश्वास रहिआएको छ। साथै चट्याङ, अग्निभय र मेघका कारणसमेत पीडित हुनुनपर्ने भन्ने कुराको उल्लेख बराहलगायतका पुराणमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्व अध्यक्ष प्रा डा रामचन्द्र गौतमले जानकारी दिनुभयो।

मंगलबारको दिन काठमाडौंको नागपोखरी र टौदह, भक्तपुरको सिद्धपोखरीलगायत नेपालभरका नागदह, नागकुण्ड र नागस्थानमा नागको पूजाआराधना गरी मेला लाग्ने गर्दछ । साथै पशुपतिस्थित वासुकी मन्दिरमासमेत यस दिन विशेष पूजाआजा गर्ने गरिएको छ।

नाग पूजा गरेपछि खेतबारीमा खनजोत नगरी किसानले समेत आराम गर्ने गर्दछन् । आजको दिनमा खनजोत गरेमा नाग मारिन्छन् भन्ने धार्मिक विश्वास छ । घर, खेत, बारीमा पनि नागले बास गर्छन् भन्ने वैदिक मान्यता छ । यसै मान्यताका आधारमा खेतबारीमा नागस्थान बनाइ पूजा गरिन्छ।

# जीवजन्तुबाट अलैँची जोगाउने चुनौती

– रामबहादुर थापा

बागलुङ, १७ साउन

बैँसीतिर साउन अन्तिमतिर बाटै अलैँची पाक्न सुरु हुन्छ । माथिल्लो भेगको अलैँची टिप्न भने असोज पर्खनुपर्छ । तर अलैँची टिप्ने याममा किसानलाई उही पीरलोले सताउँछ- दुम्सीबाट अलैँची कसरी जोगाउने ?

हुन त बाहिरी जीवजन्तुबाट कम जोखिम भएको बालीमा अलैँची पर्छ । तैपनि यहाँका किसान भने दुम्सी, भार्से जस्ता जन्तुले पाक्ने बेलाको अलैँची खाइदिएर हैरान छन् । ताराखोला गाउँपालिका-१ स्थित राष्ट्रिय अलैँची कृषि उपज केन्द्रका अध्यक्ष इन्द्रध्वज भण्डारीले बर्सेनि दुम्सीले अलैँचीमा क्षति पर्‍याउने गरेको बताउनुभयो ।

"दुम्सीले सधैँ सर्वस्व पार्छ, धेरै त उसैले खान्छ बचेको मात्रै हामीले टिप्ने हो", उहाँले भन्नुभयो, "वन्यजन्तु र रोगबाट बचाउन सके अलैँची उत्पादनले फड्को मार्ने थियो ।" अगुवा अलैँची किसान भण्डारीले टिप्न ठिक्क भएको अलैँची दुम्सीले खाइदिने गरेको सुनाउनुभयो ।

उहाँ नौ वर्षयता अलैँचीको व्यावसायिक खेतीमा हुनुहुन्छ । केन्द्रले सय रोपनीमा अलैँची लगाउँदै आएको छ । अलैँची बेचेर वार्षिक सात/आठ लाखसम्म कमाई हुने गरेको अध्यक्ष भण्डारीले बताउनुभयो । "जीवजन्तुबाट हुने क्षति रोक्न सकियो भने किसानको आम्दानी अझै बढ्छ", उहाँले भन्नुभयो । बरेङ गाउँपालिका-२ ह्ुदीशिरको नमूना अलैँची उत्पादक कृषक समूहका अध्यक्ष बिमल पौडेलको अनुभव पनि उस्तै छ । बरेङका अलैँची किसानलाई भार्सेले सताउने गरेको उहाँले उल्लेख गर्नुभयो । झट्ट हेर्दा बिरालो झैँ देखिने भार्सेले अलैँची खाने र बोट छेउ बिस्टाउने गरेको अध्यक्ष पौडेलले बताउनुभयो ।

"अरूबेला भार्सेले केही गर्दैन, पाकेर टिप्ने बेला हुन लाग्दा आएर खाइदिन्छ", उहाँले भन्नुभयो, "वन्यजन्तुसँगै रोगकिरा, प्रतिकूल मौसम आदिबाट पनि अलैँची किसान मारमा छन्, उत्पादनले भाउ नपाउने समस्या पनि उस्तै छ ।" यो वर्ष तुसारो र हिउँले बिरुवा नासेको अध्यक्ष पौडेलको भनाइ छ । डढुवा रोगले पनि अलैँचीलाई बेलाबेला सताउँछ । "दाना लाउने बेलामा बोट मर्ने, फूल कुहिने, पूरा दाना नलाउने जस्ता समस्या अलैँचीमा बढी छ", उहाँले भन्नुभयो, "एकातिर किसानलाई पनि अलैँची खेतीबारे प्राविधिक ज्ञानको कमी छ, अर्कोतिर जिल्लामा अलैँचीका प्राविधिज्ञ र विज्ञ पनि छैनन् ।" उक्त समूहका किसानले गत वर्ष २० क्विन्टल अलैँची बेचेर रु २२ लाख छ हजार ५०० भित्र्याएका थिए । दुई वर्षअघि प्रतिकिलो जम्मा रु छ सयमा अलैँची बेचेका किसानले अघिल्लो वर्ष प्रतिकिलो रु एक हजार एक सय ५० सम्म पारेका थिए । बाहिरी क्षतिबाट जोगाउन सके अझै राम्रो आम्दानी लिन सकिनेमा त्यहाँका किसान ढुक्क छन् । कृषि ज्ञान केन्द्रका प्रमुख भानुभक्त भट्टराईले अलैँची खेतीलाई वन्यजन्तुले क्षति पुर्‍याउने गरेको घटना कमै सुनिने गरेको बताउनुभयो । "हामीकहाँ आधिकारिक रुपले जानकारी त आएको छैन, तर किसान सचेत हुनेपर्ने अवस्था भने देखियो", उहाँले भन्नुभयो, "अलैँची बगानको रेखदेख गर्ने, सरसफाइ गर्ने, चिस्यान र छहारी दिने खालका रुख लगाउने गर्नुपर्छ ।" प्रमुख भट्टराईले अलैँची बगानलाई तारबारले छेक्न सम्भव नहुने भएकाले दुम्सी, मुसा जस्ता जीवजन्तुलाई अनुकूल हुने गरी जमिन सुक्खा नराख्न र वरिपरिको ठाउँ सफा राख्न किसानलाई सुझाव दिनुभयो । अलैँची पाक्ने बेला मान्छेबाटै पनि चोरी हुने खतरा रहने हुँदा बगैँचामा हेरालु बस्नुपर्ने उहाँको भनाइ छ ।

अलैँचीमात्र नभएर अरू बालीनालीका लागि पनि वन्यजन्तु चुनौती बनेको किसान बताउँछन् । सबैभन्दा बढी बाँदरको डर छ । जिल्लामा कूल एक हजार दुई सय हेक्टर क्षेत्रफलमा अलैँची खेती गरिन्छ । कृषि ज्ञान केन्द्रका अनुसार गत वर्ष ३८ मेट्रिक टन अलैँची उत्पादन भएको थियो । पछिल्लो पाँच/छ वर्षयता अलैँची खेती विस्तार भइरहेको छ । राम्रो कमाई हुने देखेर किसान अलैँची खेतीतिर आकर्षित छन् । अलैँचीको व्यावसायिक उत्पादनका लागि ११ 'पकेट' र दुई 'ब्लक' क्षेत्र घोषणा गरिएको छ । ताराखोला गाउँपालिका र गलकोट नगरपालिकामा अलैँची 'ब्लक' छ । जैमिनी, बागलुङ नगरपालिका, काठेखोला, निसीखोला, बडिगाड, बरेङ र निसीखोला गाउँपालिकामा 'पकेट' कार्यक्रम सञ्चालित छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित ती कार्यक्रममार्फत किसानले अलैँची खेतीमा अनुदान र तालिम पाउँछन् ।

# बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रबाट विशेषज्ञ सेवा

रासस

बागलुङ, १७ साउन

बागलुङको पश्चिम क्षेत्र ढोरपाटनमा रहेको बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रबाट पहिलो पटक विशेषज्ञ सेवा दिन थालिएको छ ।

पश्चिम क्षेत्रको निसीखोला, ढोरपाटन र तमानखोला गरी तीन पालिकाका जनतालाई स्वास्थ्य सेवा दिइरहेको प्राथमिक स्वास्थ्य केन्द्रले पहिलो पटक साउन १ गतेदेखि विशेषज्ञ सेवा दिन थालेको छ । स्वास्थ्यकेन्द्रले पछिल्लो पटक दरबन्दी भन्दा बढी जनशक्ति परिचालन गरी स्वास्थ्य सेवा दिँदै आएकोमा अवदेखि विशेषज्ञ सेवासमेत दिन थालेको हो । प्राथमिक स्वास्थ्य केन्द्रमा हालसम्म चारजना मेडिकल अधिकृत कार्यरत रहेकोमा साउन १ गते देखि जनरल फिजिसियन डा डिबी क्षेत्री हाजिर भएर सेवा दिन थाल्नुभएको छ ।

स्वास्थ्य केन्द्रमा अहिले बिरामीको चाप उच्च रहेकाले भएका जनशक्तिले समेत सेवा दिन हम्मेहम्मे परिरहेको अवस्थामा विशेषज्ञ सेवा दिन थालिएको बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रका निमित्त प्रमुख डा नीरज सुवेदीले जानकारी दिनुभयो । सुवेदीका अनुसार एक जना विशेषज्ञ सेवासहित एनेस्थेसिया र स्टार्फ नर्स गरी तीन स्वास्थ्यकर्मी दुर्गमको स्वास्थ्य उपचारमा काम गर्दै आएको गैरसरकारी संस्था निक साइमण्ड इन्स्टिच्युटले व्यवस्थापन गरेको हो । इन्स्टिच्युटले गत आर्थिक वर्षमा शल्यक्रियाका लागि समेत रु १० लाख बराबरको उपकरण सहयोग गरिसकेको छ । " इन्स्टिच्युट नेपाल सरकारको समन्वयमा दुर्गम क्षेत्रको स्वास्थ्य सुधार, तालिम तथा अनुसन्धानमा रहेको संस्था हो, एक महिनाभित्रै अझै एक डाक्टर र एक रेडियोग्राफर थप गर्ने निश्चित् भइसकेको छ", डा सुवेदीले भन्नुभयो "प्राथमिक स्वास्थ्य केन्द्रले हालसम्म दिइरहेको सेवा तथा उपकरणमा स्तरोन्नति भएको छ, दुर्गमका नागरिकले केही हदसम्म भए पनि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने हाम्रो उद्देश्य हो, खासगरी दुर्गममा आइपर्ने जटिल स्वास्थ्य समस्या र शल्यक्रियाको प्रर्वद्धनका लागि निक साइमण्डले उपकरण र जनशक्ति व्यवस्थापन गर्नमा जुटेको छ ।" इन्स्टिच्युटले तलब व्यवस्थापन गर्ने गरी जनरल फिजिसियन डा क्षेत्रीसँगै एनेस्थेसिया कुशलराज भट्टराई र शल्यक्रियाको तालिम प्राप्त स्टाफ नर्स जानकी डाङ्गीलाई साउन १ गतेदेखि स्वास्थ्य केन्द्रमा सेवा दिन पठाएको हो । स्वास्थ्य केन्द्रले सामान्य प्रकारका सबै शल्यक्रिया गर्नसक्ने जनशक्ति र उपकरण व्यवस्थापन गरेको छ ।

बुर्तिवाङ स्वास्थ्य केन्द्रले हालसम्म शल्यक्रियामार्फत सुत्केरी, वहिरङ्ग, आकस्मिक, गर्भवती, शल्यक्रिया, प्रयोगशाला, फार्मेसी, दन्त, आँखा रोगको उपचारसँगै एक्सरे र पोष्टमार्टम सेवा समेत प्रदान गर्दै आएको छ । "सेवा त हालसम्म दिइरहेका छौँ, तर जटिल समस्या आउँदा नजिकमा अस्पताल नहुँदा हेलिकप्टरबाटै बिरामीलाई बाहिर पठाउन बाध्य थियौँ, तर विशेषज्ञ सेवा दिएपछि जटिल प्रकारका सेवासमेत दिन सक्नेछौँ", डा सुवेदीले भन्नुभयो । उहाँले निक साइमण्डले पठाउने भनेको थप दुई जना स्वास्थ्यकर्मी आएपछि अस्पतालले बिरामी भर्ना नै गरेर राख्न सक्ने गरी सेवा दिने योजनामा स्वास्थ्य केन्द्र रहेको छ । विशेषज्ञ सेवा दिन थालेपछि शल्यक्रियमार्फत सुत्केरी, हाइड्रोसिल, हर्निया, एपेन्डिक्स र सामान्य हड्डीको शल्यक्रिया सेवा थप भएका छन् । निक साइमण्डले व्यवस्थापन गरेको बाहेक स्वास्थ्य केन्द्रमा अहिले डा सुवेदीसहित मेडिकल अधिकृत डा अनिश थापा, डा अमृता बराल र डा अनिल केसी कार्यरत रहेका छन् । पछिल्लो समय सेवामा सुधार गर्दै आएको स्वास्थ्य केन्द्रले भौतिक पूर्वाधार पर्याप्त भए पनि स्वास्थ्य केन्द्रबाट स्तरोन्नति गर्न सकिरहेको छैन । बागलुङमा हाल जिल्ला अस्पताल छैन । बुर्तिवाङ स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरेर जिल्ला अस्पताल बनाउनेगरी भौतिक पूर्वाधार निर्माण भए पनि स्तरोन्नति हुन नसक्दा स्वास्थ्यकेन्द्रकै दरबन्दीमा सेवा दिन बाध्य छ । तर स्वास्थ्य केन्द्रमा आउने बिरामीको चाप र भौगोलिक विकटता र यसले प्रदान गर्ने स्वास्थ्य सेवा तीन पालिकामा रहेकाले करारमा भए पनि अतिरिक्त चिकित्सकले सेवा दिइरहेका छन् ।

# बाढी र पहिरोका कारण नासिँदैछ रुप्सेको सौन्दर्य

-ध्रुवसागर शर्मा

म्याग्दी, १७ साउन

अन्नपूर्ण चक्रीय पदमार्गको प्राकृतिक रुपमै आकर्षक पर्यटकीयस्थल रुप्से झरनाको सौन्दर्य बर्सेनी आउने बाढीपहिरोको कारण नासिँदै जान थालेको छ । उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानामा पर्ने यो झरना अत्यन्तै आकर्षक र मनमोहक थियो ।

तर, विसं २०७७ साउन ५ गते सोमबारको भीषण वर्षापछि आएको बाढीले रुप्सेको सौन्दर्य विगारेपछि त्यसयता झरनाको प्राकृतिकस्वरुप नासिँने क्रम बढ्दै गएको हो । समुद्री सतहबाट झण्डै एक हजार आठ सय मिटरको उचाइको यो झरना कालीगण्डकीको खोंचले बनाएको संसारकै गहिरो अन्धगल्छीदेखि केही माथि रहेको छ । यस झरनाले हुलाक टिकटमासमेत स्थान पाइसकेको छ । हिमालपारीको जिल्ला मुस्ताङ जाने बेनी-जोमसोम सडकखण्ड अन्तर्गत पर्ने यस अन्धगल्छीमा मुस्ताङ आवतजावत गर्ने पर्यटक पुगेर अवलोकन गर्ने गर्दछन् । विश्वमै शालिग्राम पाइने एकमात्र पवित्र कालीगण्डकी नदीले निर्माण गरेको अन्धगल्छीको गहिराई ६ हजार ९६७ मिटर रहेको छ । संसारको सातौँ अग्लो चुचुरो धौलागिरी र अन्नपूर्ण हिमालको बीचमा अवस्थित यो गल्छी समुद्री सतहबाट एक हजार



२०० मिटरको उचाइमा अवस्थित छ । गल्छीको अवलोकन गर्न दैनिक रूपमा आन्तरिक एवं बाह्य पर्यटक त्यहाँ पुग्ने गरेका छन् । म्याग्दी सदरमुकाम बेनीबजारदेखि ३० किलोमिटर उत्तरमा पर्ने रुप्से तथा अन्धगल्छी पुग्न यातायातका साधनमार्फत करिब तीन घण्टा र पैदल करिब एक दिनको यात्रा तय गर्नुपर्छ । बेनी-जोमसोम सडकखण्ड अन्तर्गत पर्ने अन्धगल्छी र रुप्से झरनामा बेनीबाट सवारीसाधनमार्फत तीन घण्टामा सजिलै पुग्न सकिन्छ । मुस्ताङ जाने पर्यटक सवारी रोकेर यस झरनामा फोटो खिच्छन् ।

रुप्सेमा रमाउने योजना बनाएका हजारौँ आन्तरिक तथा बाह्य पर्यटकले २०७७ साउनयता भने यसको पुरानो सौन्दर्यलाई देख्न पाएका छैनन् । विसं २०७७ साउनमा रुप्सेमा आएको बाढीले झरनाको सौन्दर्य मात्र होइन एक होटेल, पुल र स्काभेटर समेत बगाएको थियो । झरनामा आएको बाढीले गोल्ड ल्याण्ड वाटर फल होटेल, गजुरमुखी कम्पनीको एउटा स्काभेटर मेसिन, बस र पुल बगाएपछि त्यस क्षेत्रको सुन्दरता नै उजाडिएको स्थानीयवासी कृष्णबहादुर पुनले बताउनुभयो । पुनका अनुसार अब रुप्से झरनालाई पुरानै स्वरूपमा फर्काउन निकै श्रम र लगानीको आवश्यक पर्ने भएको छ । अहिले रुप्से झरना उजाड र कुरुप बनेको उहाँको भनाइ छ । विसं १९७५ मा ७५ पैसाको हुलाकी टिकटमा रुप्सेको फोटो टाँसिएको थियो । अहिले प्रचलनमा नरहे पनि रुप्सेको प्रचारप्रसार त्यतिखेर देखिनै भएको स्थानीय बृद्धले बताएका छन् ।"रुप्से झरनामा रमाउन गण्डकी प्रदेशबाट मात्रै होइन देश विदेशबाट आएका मानिसकोसमेत भीड हुने गर्दथ्यो", दानाका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले भन्नुभयो, "पुलनजिकै गाडीको भीड हुन्थ्यो, झरनाको दायाँबायाँको भागमा मानिस रमाउँदै तस्वीर लिन तछाडमछाड गर्दथे, अब त्यो सबै एकादेशको कथा जस्तै बन्यो ।"

विसं २०७५ यता हिमाली जिल्ला मुस्ताङमा स्थलमार्ग हुँदै भ्रमणमा जाने आन्तरिक पर्यटकको सङ्ख्या उल्लेख्य रूपमा बढेको थियो । ती पर्यटक रुप्से झरना देखेर लोभिने गरेका थिए । "तर, बाढीले रुप्सेको चीर हरण गरिदिएपछि सबैको सपना भताभुङ्ग भएको छ ।" पर्यटन व्यवसायी शेरचनले भन्नुभयो ।

# कैदीबन्दीको राष्ट्रिय परिचयपत्र विवरण संकलन

पोखरापत्र संवाददाता

तनहुँ, १७ साउन

तनहुँ कारागारमा रहेका कैदीबन्दीको राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन गरिएको छ । जिल्ला प्रशासन कार्यालय तनहुँको समन्वयमा कारागारमा रहेका कैदीबन्दीको राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गरिएको हो ।

कारागारमा रहेका दुई सय ६२ मध्ये ५५ जनाको विवरण सङ्कलन गरिएको कारागारका निमित्त प्रमुख नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । कैदीबन्दीको विवरण सङ्कलनका लागि कारागारभित्रै व्यवस्था मिलाइएको थियो । "कारागारभित्रै कैदीबन्दीको फोटो खिच्ने, विवरण सङ्कलन गर्ने व्यवस्था मिलाएका थियौँ", उहाँले भन्नुभयो, "पूरा विवरण भएकामध्ये ५५ जनाको विवरण दर्ता भएको छ ।" जिल्लामा हालसम्म एक लाख ५३ हजार एक सय ६० जनाले राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गराएका छन् । विभिन्न स्थानीय तह र जिल्ला प्रशासन कार्यालयमा रहेको दर्ता कार्यालयबाट उक्त सङ्ख्यामा विवरण दर्ता भएको छ । स्थानीय तहमा सञ्चालित अभियानबाट मात्र एक लाख १६ हजार छ सय ३४ जनाले विवरण दर्ता गराएका छन् । राहदानी बनाउनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि विवरण दर्ता गर्नेको सङ्ख्या बढेको प्रशासन कार्यालयले जनाएको छ । राष्ट्रिय परिचयपत्रको विवरण बुझाउन अनलाइन पनि प्रयोग गर्न सकिन्छ । परिचयपत्रका लागि आवेदन बुझाउन अनलाइन प्रक्रिया पूरा गरी प्रशासन कार्यालयमा आफैँ उपस्थित हुनुपर्नेछ । तर अनलाइनबाट फारम भर्न सर्वसाधारणलाई गाह्रो हुँदै आएको छ । परिचयपत्रका लागि आवेदन फारम भर्दा १६ वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र पाएका नागरिकले नामथर, जन्ममिति, लिङ्ग, आमाबाबुको नाम, ठेगाना, नागरिकताको किसिम, पति र पत्नी नाम, बाजेको नाम उल्लेख गर्नुपर्छ । यस्तै फारममा औँठाछाप (१० वटा), आँखाको नानी, तस्वीर, राष्ट्रियता र हस्ताक्षर उपलब्ध गराउनुपर्छ । सरकारबाट नेपाली नागरिकलाई प्रदान गर्ने सेवा सुविधालाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आवद्ध गर्नाका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्याङ्क तथा अभिलेख नीति एवं योजना निर्माणमा प्रयोग हुनेछ । यसले व्यक्तिको राष्ट्रिय पहिचानपत्र र मतदाता परिचयपत्रका रूपमा काम गर्ने सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधार दिनेछ । सामाजिक सुरक्षा कार्डका रूपमा यही कार्ड प्रयोग हुनेछ ।

यसले सुरक्षा व्यवस्थापनका लागि सहयोगी अभिलेखको काम गर्नेछ । अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आवद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायले झन्झटरहित, छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जन्म, मृत्यु, बसाइँसराइ तथा अन्य कारणबाट व्यक्तिगत सूचनामा परिवर्तन भएमा सोहीअनुसारको अभिलेख व्यवस्थापन गर्ने प्रणालीको स्थापना तथा विकास गरेको छ । राष्ट्रिय परिचयपत्र नम्बर र राष्ट्रिय परिचयपत्रलाई बहुउपयोगी प्रणालीका रूपमा सरकार र सरकारबीच (जिटुजी), सरकार र व्यवसायीबीच (जिटुबी) र सरकार र नागरिकबीच (जिटुसी) सेवा प्रदान गर्न उपयोग हुनेछ ।

# पहिराले अवरुद्ध बेनी–मालढुङ्गा सडक खुल्यो

रासस

गलेश्वर, १७ साउन

सोमबार बिहानैदेखिको अविरल वर्षाका कारण अवरुद्ध भएको बेनी-मालढुङ्गा सडक पूर्ववतरूपमा सञ्चालनमा आएको छ भने आइतबार रातिदेखि अवरुद्ध बेनी-जोमसोम सडक अझै सञ्चालनमा ल्याउन सकिएको छैन । कालीगण्डकीकरिडोरअन्तर्गत बेनी-जोमसोम सडकखण्डको ठाउँठाउँमा बाढीपहिराले क्षति पुर्‍याएपछि आइतबार रातिदेखि नै सडकमा सिधा सवारीसाधन सञ्चालन हुन सकेका छैनन् ।

सडक खुलाउन प्रयास गरिएको भए पनि निरन्तर वर्षा भइरहेकाले पहिरो पन्छाउन नसिकएको बेनी-जोमसोम-कोरला सडक आयोजनाका प्रमुख जगत प्रजापतिले बताउनुभयो । लगातारकोवर्षासँगैगण्डकीप्रदेशको लाइफलाइन मानिएको बेनी-जोमसोम-कोरला सडकखण्डको विभिन्न स्थानमा बाढीपहिराले अवरुद्ध भएको छ ।

म्याग्दी र मुस्ताङको सिमाना काभ्रेभीर सडकमा सुख्खा पहिराले सिधा यातायात बन्द भएको छ भने रुप्से झरन र बेगखोला आएको बाढीले नियमित यातायातमा समस्या भएको उहाँले बताउनुभयो ।

# तनहुँका पालिकामा पोषण प्याकेज

पोखरापत्र संवाददाता

तनहुँ, १७ साउन

तनहुँका १० पालिकामा रहेका लक्षित वर्गका व्यक्तिलाई प्रदान गर्नका लागि सम्बन्धित पालिकामा पोषण तथा सरसफाइ प्याकेजका सामग्री पठाइएको छ ।

स्वास्थ्य कार्यालय तनहुँले जिल्लामा रहेका एक हजार चार सय १३ जनालाई पोषण तथा सरसफाइ प्याकेज वितरण गर्न सम्बन्धित पालिकालाई हस्तान्तरण गरेको हो । जिल्लामा 'क' वर्गका अपाङ्गता ८१७ र दलित तथा अपाङ्गता भएका गर्भवती र सुत्केरी ५९६ जनालाई उक्त प्याकेज वितरणका लागि सबै पालिकामा पठाइएको स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारको आव २०७८/०७९ मा सञ्चालन हुने अस्पताल सुदृढीकरण तथा पोषण अनुदान कार्यक्रमअन्तर्गत जिल्लामा आएको सामग्री पालिकाहरूमा पठाइएको उहाँले बताउनुभयो । स्थानीय तहमा रहेका दलित, अपाङ्गता भएका, गर्भवती तथा सुत्केरी महिला र 'क' वर्गका पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि प्रदान गर्न आएको सामान पालिकामा पठाइसकिएको उहाँले बताउनुभयो । स्थानीय तहबाट सिफारिस भइआएका विवरणका आधारमा स्वास्थ्य कार्यालय तनहुँले प्रदेश सरकारसमक्ष माग गरेपछि आएको सामान सम्बन्धित पालिकामा पठाइएको उहाँले बताउनुभयो । उक्त कार्यक्रमअन्तर्गत दलित तथा अपाङ्गता भएका गर्भवती र तथा सुत्केरी महिलाहरूका लागि हातधुने साबुन, दाँत माझ्ने ब्रस, टुथपेष्ट, मिश्रित गेडागुडी पौने तीन किलोग्राम र घीउ आधा किलोका दरले वितरण गरिनेछ ।

त्यसैगरी, 'क' वर्गका पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि हात धुने साबुन, दाँत माझ्ने ब्रस, टुथपेष्ट, मिश्रित गेडागुडी करिब एक किलोग्राम र हात पुछ्ने रुमाल एक थान प्रदान गरिनेछ ।